# नौमूले गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**नौमूले, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना
**(प्रथम पटक प्रकाशित मिति : २०८१/०२/०७ गते)**

यस कार्यालयको आ.व.२०८०/०८१ मा सामुदायिक विद्यालयहरुमा अध्ययन गर्ने छात्राहरुलाई निशुल्क रुपमा वितरण गर्नको लागि सिलबन्दी दरभाउपत्र माध्यम बाट खरिद गर्नुपर्ने भएकोले मु.अ.क. मा दर्ता भएका इच्छुक ईजाजत प्राप्त सप्लायर्स, बिक्रेता तथा ब्यबसायीहरुले रितपुर्बकको तपशिलको शर्तहरु पालना हुने गरी सार्वजनिक खरीद अनुगमन कार्यालयको website: www.bolpatra.gov.np/egp मार्फत पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी बोलपत्र फाराम दस्तुर बापत **NMB Bank**, नौमूले शाखा, दैलेखमा रहेको यस कार्यालयको राजश्व खाता नं. **1040071712400074**, खातावालाको नाम: Naumule Rural Municipality Naumule,Dailekh मा नगद जम्मा गरेको नगद भौचरसाथ निवेदन मिति: २०८१/०२/२२ गते समय दिनको १२ बजे सम्म बोलपत्र फाराम download गर्न सकिनेछ । बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको **www.bolpatra.gov.np/egp** बाट मात्र बोलपत्र download तथा upload गर्न सक्ने व्यवस्था गरिएको छ ।

२. बोलपत्र फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको धरौटी रकम यस कार्यालयको धरौटी खाता नं. 1040071712400031 खाता वालाको नाम: Naumule Rural Municipality Naumule,Dailekh मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा स्थानीय सरकार सञ्चालन ऐन २०७४, बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी ४५ दिनको म्याद सहित जारी गरिएको विड बण्ड बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै बिबरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको बिबरण, शिलबन्दि बिवरण प्रोपराइटरको नाम, फोन नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले २०८१/०२/२२ दिनको १२.०० बजे भित्र विध्युतिय माध्यमबाट (**Electronically Only**) दर्ता गर्न सकिने छ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

५. रीतपूर्बक पर्न आएका बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको २०८१/०२/२२ दिनको २:०० बजे बिभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै ठेकेदार वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा उल्लेखित कार्यहरु विदा पछि कार्यालय खुलेको दिनको ११ बजे खोलिने छ ।

६. प्याकिङमा उत्पादन मिति, एक्सपायर मिति, ब्याजनम्बर र नौमूले गाउँपालिका दैलेख बाट निशुल्क रुपमा बितरण गरिएको भन्ने शव्द अनिवार्य रुपमा लेखिएको र सोको उपयोग अवधि (Expired Date) यस कार्यालयमा प्राप्त भएको मितिले कम्तीमा **१८ महिना म्याद** बाँकी हुनुपर्नेछ ।

७. शिलबन्दि सम्बन्धी बिस्तृत जानकारी बोलपत्र फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ (सर्म्पक नं.: ९८४८०६२८७२,९८४८०८८१५९ वा ९८४८१४१२०८ ) ।

८. सारभुत रुपमा प्रभावग्राही दरभाउपत्रहरु मध्ये प्याकेजमा सबै भन्दा घटी दर कबोल गरी कुल जम्मा रकममा न्युनतम रकम कायम भएको शिलबन्दि दरभाउपत्र स्वीकृत गरिनेछ ।

९. सम्पूर्ण स्यानिटरी प्याडहरु IS/NS Certified कम्पनिहरुबाट उत्पादित सामान मात्र खरिद गर्नुपर्ने छ ।

(भक्त बहादुर मल्ल)
प्रमुख प्रशासकिय अधिकृत

१०. नेपाल सरकारको हितलाई ध्यानमा राखि कुनै कारण जनाई वा नजनाई दरभाउपत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुंण अधिकार यस कार्यालयमा रहनेछ ।

११. उपलब्ध गराउनु पर्ने सैनिटरी प्याड यस कार्यालयले निर्धारण गरेको स्पेशिफिकेशन बमोजिम हुनुपर्नेछ ।

१२. अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ वा खरिद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ अनुशार हुनेछ ।

## तपसिल

| सि.नं | सूचना नं./ ठेक्का नं. | ठेक्काको नाम | जम्मा रकम (भ्याट बाहेक) | दरभाउ जमानत रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| १. | SQ/NRM/GOODS/02/2080-81 | सैनिटरी प्याड खरिद कार्य । | १४,०९,२३२.२३ | ४५,०००.०० | १०००.०० |

प्रमुख प्रशासकीय अधिकृत

(मक्क बहादुर मल्ल)
प्रमुख प्रशासकिय अधिकृत